# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९

## बडिमालिका नगरपालिका

## बाजुरा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ३७९ मितिः २०७९।३।१९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
बडिमालीका नगरपालिका, बाजुरा ।

**कैफियत सहितको राय**

हामीले **बडिमालीका नगरपालिकाको** आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रू. ३ करोड ८ लाख ७८ हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु. १ करोड ६ लाख २६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ३४ लाख ८० हजार, नियमित गर्नुपर्ने रु. १ करोड ६६ लाख ५० र पेश्की बाँकी रु १ लाख २२ हजार बाँकी बेरुजु रहेको छ । पालिकाको गत वर्षसम्म रु.६ करोड ३४ लाख ७५ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.९ करोड ४२ लाख १५ हजार रहेको छ ।यस पालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।

२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्रासिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, दरबन्दी बाहेकका कर्मचारी करारमा भर्ना गरी रकम खर्च गरेको, उपभोक्तामार्फत जटिल संरचना निर्माण गरेको, उपभोक्तामार्फत जटिल संरचना निर्माण गरेको, खरिद टुक्राई सोझै खरिद गरेको, गुणस्तर परीक्षण नगरेको, नमूना विद्यालयलाई रकम भुक्तानी गरेतापनी हालसम्म सो रकम परिचालन नभएको, डोजर भाडा तथा तेलको बिल राखी बढी भुक्तानी गरेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। **नगर** कार्यपालिका, **नगर प्रमुख** र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

## बडिमालिका नगरपालिका, बाजुरा

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्योंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५८ | १७ | ३०८७८ | ० | ० | ० | ५८ | १७ | ३०८७८ | १०६२६ | १६६५० | ३४८० | ० | ० | ३०७५६ | १२२ |

## अद्यावधिक बेरुजु स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्योंट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ६३४७५ | ० | १३८ | ६३३३७ | ० | ३०८७८ | ९४२१५ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : बडिमालिका नगरपालिका, बाजुरा , बडिमालिका नगरपालिका , बाजुरा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Dataram Pyakurel | २०७८-१२-६ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | रंगमल विक | २०७७-४-१ | २०७८-३-३१ |
| लेखा प्रमुख | Bimala kumari Padhyay | २०७८-४-१ | |
| | | **बेरुजु रकम** | ३०,८७८,३४४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ४,२५,६७,३३९.६९ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३५,४२,७६,८१० | चालु खर्च | २२,३०,८४,९०७.०८ |
| प्रदेश सरकारबाट अनुदान | ३,४७,७१,००० | पूँजीगत खर्च | २०,६२,७७,०५६.४ |
| राजश्व बाँडफाँट | ६,१७,०६,१०८.१९ | वित्तीय/अन्य व्यवस्था | १०,०५,४३,७५०.२२ |
| आन्तरिक आय | ८७,१७,१५२.३५ | | |
| अन्य आय | ८,४४,५९,९३१.४२ | | |
| कुल आय | ५४,३९,३१,००१.९६ | कुल खर्च | ५२,९९,०५,७१३.७ |
| बाँकी मौज्दात | | ५,६५,९२,६२७.९३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्वेश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ९ वडा,४८ सभा सदस्य, २७६ वर्ग किलोमिटर क्षेत्रफल तथा १७ हजार २ सय २९ जनसंख्या रहेको छ । लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७८/६/१९ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :<br><br>**वित्तीय विवरण विश्लेषण वित्तिय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्हिोरा देहाय बमोजिम छन् • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br>• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको पाईएन ।<br>• कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ को दफा ७(ख २) वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **बजेट तथा कार्यक्रम**<br>**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री कविता विष्टले मिति २०७७/३/८ गते रु.४० करोड ८५लाख ३२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७/३/८ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७/४/६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **चौमासिक खर्चः**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| **चालु खर्चतर्फ** | **२२२३७३** | **५९३००** | **४५८९५** | **११७१७७** | **६१५८५** |
| **पूँजिगत खर्चतर्फ** | **२२३८६३** | **८८७३** | **४३८६१** | **१७११२८** | **१२८०४७** |
| **जम्मा** | **४४६२३६** | **६८१७३** | **८९७५७** | **२८८३०५** | **१८९६३२** |
| प्रतिशत | | 15.28 | 20.11 | 64.61 | 42.50 |

नगरपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.४४ करोड ६२ लाख ३६ हजर निकासा भएकोमा प्रथम चौमासिकमा रु.६ करोड ८१ लाख ७३ हजार अर्थात १५.२८ प्रतिशत, दोश्रो चौमासिकमा रु.८ करोड ९७ लाख ५७ हजार, अर्थात २०.११ प्रतिशत र तेश्रो चौमासिकमा रु.२८ करोड ८३ लाख ५ हजार, अर्थात ६४.६१ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१८ करोड ९६ लाख ३२ हजार अर्थात ४२.५ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **क्षेत्रगत बजेट र खर्चको स्थितिः**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस नगरपालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | 30219400 | 24936169 | 5.59 |
| २ | पूर्वाधार विकास | 124867000 | 117912305.98 | 26.42 |
| ३ | सामाजिक विकास | 240904698 | 209826813.72 | 47.02 |
| ४ | बातावरण तथा विकास | 12525000 | 11992000 | 2.69 |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | 5462742 | 3366631.99 | 0.75 |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | 97519070.35 | 78202458.9 | 17.52 |
| **जम्मा** | | 511497910.35 | 446236379.59 | 100 |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी सामाजिक विकासमा ४७.०२ प्रतिशत र घटीमा संस्थागत विकास, सेवा प्रवाह र सुशासन ०.७५ प्रतिशत रहेको छ ।


https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६</td><td></td><td></td><td>खर्च बिश्लेषणः<br>नगरपालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.८७७१७१५२.३५ राजस्व बाँडफाँड र अनुदानबाट रु.४५०७५३९१८.१९ तथा गत बर्षको अल्या समेत रु.५८६४९८३४१.६५ आम्दानी भएकोमा चालु तर्फ रु.२२३०८४९०७.०८ र पूँजिगत तर्फ रु.२०६२७७०५६.४ तथा संघ प्रदेश फिर्तासमेत रु.५१०७८१००४। खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.७१ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु.९१ लाख ४५ हजार खर्च भएको छ जुन आन्तरिक आयको १०५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४१.६८ प्रतिशत चालु र ३८.५४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>लक्ष्य प्रगति :<br>कार्यालयको चौमासिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरियका २६२ योजनाको नियम बमोजिमको उल्लेखित ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कार्यकारी, प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ ।
<table>
<tr><th rowspan="2">कार्यक्रम/योजना</th><th rowspan="2">कुल कार्यक्रम</th><th colspan="4">वार्षिक प्रगति स्थिती</th></tr>
<tr><th>शून्य प्रगती</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th></tr>
<tr><td>कार्यक्रम संख्या</td><td>२६२</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>रकम</td><td>१७०६७६</td><td>२११३</td><td>१४९८</td><td>१६१५</td><td>५१७१</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **संगठन तथा कर्मचारी ब्यवस्थापन**<br>**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ५० जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २५ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| ९ | | | **कर्मचारी करार** –<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले शहरी स्वास्थ्य केन्द्रमा २० जना, नगर स्वयम सेवक शिक्षक ४८ जना समेत ६८ जना कर्मचारीहरु करारमा राखि रु.१२९२४१०४ खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको शहरी स्वास्थ्य केन्द्रमा विभिन्न पदमा २० जना करार नियुक्ति गरी बर्षभरीमा रु.१२२३०००.० भुक्तानी गरेको अनियमित दिखएको रु. | १,२२३,००० |
| १० | | | **कल्याण कोष** –<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कल्याण कोषमा कुनै पनि रकम ट्रान्सफर गरेको र कोषको संचालन सम्बन्धी पनि कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । | |
| ११ | | | **वडा सचिवको पदपूर्ति :**<br>नगरपालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको ९ दरबन्दी भएकोमा ७ पदपूर्ति भई २ रिक्त भएको देखियो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **सेवाप्रवाहको स्थिति :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १८ वटा ऐन, ३वटा नियमावली र ३८ वटा कार्यबिधि तथा निती मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष नगरपालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| जन्मदर्ता | 702 | 702 |
| मृत्युदर्ता | 97 | 97 |
| बसाईसराई दर्ता | ३ आएको ४७ गएको | 50 |
| विवाह दर्ता | 119 | 119 |
| सम्बन्धविच्छेद दर्ता | 2 | 2 |
| ग्राभेल सडक निर्माण | ४५ किमी | |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **योजना छनौट र कार्यान्वयन :**<br>नीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७७/७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।<br><br>रु १ लाख सम्म: 57; रु १ लाख देखि २ लाखसम्म: 21; रु २ लाखदेखि ५ लाखसम्मका: 82; रु ५लाख देखि १० लाखसम्मका: 23; रु १०-50 लाख सम्म: 16; 50लाख भन्दा बढी: 2; जम्मा: 201<br><br>उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.८० हजार देखि ७० लाख सम्मका जम्मा २०१ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ५७ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभवी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |
| १४ | | | **कानून निर्माण एवं कार्यान्वयन**<br>**कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १८ वटा ऐन, ३ वटा नियमावली, ३८ कार्यविधि लगायत ५९ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएकोछ । | |
| १५ | | | **न्यायीक समिति** –<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ४ र यो बर्ष थप कुनै पनि विवाद दर्ता नै नभई ४ वटा मात्र विवाद बाँकी भएकोमा १ वटा मात्र फछ्र्यौट भई ३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १०-50 लाख सम्म | 50लाख भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|---|
| 57 | 21 | 82 | 23 | 16 | 2 | 201 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **आन्तरिक लेखापरीक्षण** - <br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । साथै आन्तरिक लेखापरीक्षण शाखा समेत गठन गरेको छैन ।तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१७</td><td></td><td></td><td>

**पदाधिकारी सुविधा**

स्थानीय तहका पदाधिकारी सुविधा : नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार नगरपालिकाबाट देहाय बमोजिम रु.९१४५५००.० सुविधा वापत भुक्तानी भएको छ ।

<table>
<tr><th>सि.नं</th><th>विवरण</th><th>नगर प्रमुख</th><th>उप-प्रमुख</th><th>वडाअध्यक्ष ९ जना</th><th>कार्यपालिका सदस्य 7</th><th>सभाका सदस्य 30</th><th>जम्मा 48</th></tr>
<tr><td>१</td><td>बैठक भत्ता</td><td>13000</td><td>11000</td><td>103000</td><td>64000</td><td></td><td></td></tr>
<tr><td>२</td><td>यातायात खर्च</td><td>0</td><td>120000</td><td>265000</td><td>0</td><td>0</td><td>38500</td></tr>
<tr><td>३</td><td>टेलिफोन,मोबाइल</td><td>84000</td><td>72000</td><td>424000</td><td>294000</td><td>720000</td><td>159400</td></tr>
<tr><td>४</td><td>पुस्तक,पत्रीका, ईन्टरनेट</td><td>78000</td><td>60000</td><td>424000</td><td>294000</td><td>900000</td><td>175600</td></tr>
<tr><td>५</td><td>समन्वय तथा सहजीकरण</td><td>120000</td><td>108000</td><td>689000</td><td>504000</td><td>1440000</td><td>28610</td></tr>
<tr><td>६</td><td>अतिथि सत्कार</td><td>132000</td><td>120000</td><td>848000</td><td>0</td><td>0</td><td>11000</td></tr>
<tr><td>७</td><td>खानेपानी/बिजुली/ सरसफाई</td><td>48000</td><td>42000</td><td>265000</td><td>210000</td><td>360000</td><td>925000</td></tr>
<tr><td>८</td><td>चाडपर्व खर्च</td><td>27500</td><td>25000</td><td>162000</td><td>70000</td><td>240000</td><td>52450</td></tr>
<tr><td></td><td>जम्मा</td><td>502500</td><td>558000</td><td>3180000</td><td>1436000</td><td>3660000</td><td>9145500</td></tr>
</table>

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **आर्थिक सहायता** –<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर नगरपालिकाले यस वर्ष रु.३६४५००.० आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| १९ | | | **अनुदान फिर्ता, वितरण र उपयोग**<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेको फिर्ता गरेको छ । | |

| अनुदानप्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम रु.हजारमा | खर्च रकम रु.हजारमा | फिर्ता रकम रु.हजारमा |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | २२५२३२ | २०९५६६ | 15666 |
| | समपुरक | 10944 | 10944 | 0 |
| | विषेश | 10000 | 8019 | 1981 |
| प्रदेश सरकार | शसर्त | 6003 | 5629 | 374 |
| | विषेश | 6800 | 5370 | 1430 |
| | समपुरक | 15000 | 15000 | 19451 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२०</td><td></td><td></td><td>

**समपूरक अनुदानः**

समपूरक अनुदान सम्बन्धि कार्यविधि, २०७५को दफा ६ मा समपूरक अनुदान प्राप्त गर्न छनौट भएको योजनाको कुल लागत मध्ये पचास प्रतिशत नेपालसरकारले अनुदान दिने र बाँकी स्थानिय तहले लागत साझेदारी गर्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तै सूदुरपश्चिम प्रदेश समपूरक अनुदान सम्बन्धि कार्यविधि २०७५ को दफा ६ मा समपूरक अनुदान प्राप्त गर्न छनौट भएको योजनाको कुल लागत मध्ये चालिस प्रतिशत प्रदेश सरकारले अनुदान दिने र बाँकी स्थानिय तहले लागत साझेदारी गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले समपूरक अनुदान बापत निम्नानुसार योजनामा अनुदान रकम खर्च गरेतापनी नगरपालिकाले आफ्नो लागत साझेदारी गरेको छैन । कार्यविधिको व्यवस्था अनुसार लागत रकमको साझेदारी गर्नुपर्ने रु

<table>
<tr><th>स्रोत</th><th>योजनामा कुल खर्च रकम</th><th>नगरपालिकाले लागत साझेदारी गर्नुपर्ने रकम</th></tr>
<tr><td>नेपाल सरकार समपूरक अनुदान</td><td>१०९४४</td><td>५४७२ ( पचास प्रतिशत)</td></tr>
<tr><td>प्रदेश सरकार समपूरक अनुदान</td><td>१५०००</td><td>९००० ( साठी प्रतिशत)</td></tr>
<tr><td>जम्मा</td><td>२५९४४</td><td>१४७४२</td></tr>
</table>
</td><td>१४,७४२,०००</td></tr>
<tr><td>२१</td><td></td><td></td><td>

**ठेक्का व्यवस्थापन**

सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । नगरपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छः

<table>
<tr><th rowspan="2">कुल निर्माण खर्च</th><th colspan="2">सोझै खरिद</th><th colspan="2">सिलबन्दी दरभाउपत्र</th><th colspan="2">बोलपत्र</th><th colspan="2">तेश्रो चौमासिकमा व्यवस्था भएको</th></tr>
<tr><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>72478</td><td>17</td><td>६६७३</td><td>0</td><td>0</td><td>32</td><td>65805</td><td>18</td><td>31443</td></tr>
</table>
</td><td></td></tr>
</table>


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **सवारी साधन खरिद**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा केन्द्रीय सरकारको वित्तिय समानिकरण अनुदानको मौज्दात रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ५ थान मोटरसाईकल खरिदमा रु.११८५०००। खर्च गरेका छन् । | |
| २३ | | | **कर दस्तुर एवं आन्तरिक आय**<br>**आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । नगरपालिकाले पेश गरेको आय–व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.४०४१०००.० आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७७/७८ मा रु.८७१७१५२.४ अर्थात अनुमान भन्दा ११५.७ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| २४ | | | **आन्तरिक आयः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७७/७८ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br><table><tr><td>केन्द्रिय अनुदानबाट खर्च</td><td>आन्तरिक आय</td><td>आन्तरिक आय प्रतिशत</td></tr><tr><td>95425677.42</td><td>8717152.4</td><td>9.14</td></tr></table>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ९.१४ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| २५ | | | **कर तथा शुल्क असुली -**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| सि.न. | आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|---|
| 1 | एकीकृत सम्पत्ती कर | 350000 | 6407 | 1.83 |
| 2 | मालपोत | 2000000 | 805877 | 40.29 |
| 3 | घरबहादल कर | 15500 | 2388523.6 | 15409.83 |
| 4 | बहाल विटौरी कर | 15500 | 15250 | 98.39 |
| 5 | अन्य मनोरञ्जन कर | 350000 | 0 | 0.00 |
| 6 | व्यवसाय कर | 50000 | 6500 | 13.00 |
| 7 | अन्य प्रशासनकीक शुल्क | 80000 | 6600 | 8.25 |
| 8 | पार्किङ शुल्क | 350000 | 0 | 0.00 |
| 9 | नक्सापास दरस्तुर | 350000 | 268517 | 76.72 |
| 10 | सिफारिस दस्तुर | 350000 | 1231895 | 351.97 |
| 11 | व्यक्तिगत घटना दस्तुर | 100000 | 17075 | 17.08 |
| 12 | नाता प्रमाणित दस्तुर | 20000 | 16750 | 83.75 |
| 13 | अन्य राजश्व | 10000 | 3953757.8 | 39537.58 |
| | **जम्मा** | **4041000** | **8717152.4** | 215.7 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नगरपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । | |
| २६ | | | **राजश्व अभिलेख :**<br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो । | |
| २७ | | | **रसिद नियन्त्रण खाता नरहेकोः**<br>नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाएको विभिन्न करहरुको सिफारिस दस्तुरको लागि प्रयोग गरिने नगदी रसिदको रसिद नियन्त्रण खाता अद्यावधिक गरी राख्नुपर्दछ ।गत वर्षको मौज्दात,यो वर्षको आय,यो वर्षको खर्च र बाँकी जिम्मेवारी देखिने गरी नगदी रसिदको खाता तयार गर्नपर्नेमा सो खाता तयार गरेको छैन । आ.व. को अन्तमा फिर्ता गर्नुपर्ने कतिपय रसिद ठेलीहरु फिर्ता आएको छैन । आम्दानीतर्फ प्रयोग गरिने रसिद ठेलीको आय एकिन गरी बैंक जम्मा विवरण राखी श्रेस्ता अद्यावधिक गर्नुपर्नेमा नगरपालिकाले रसिद नियन्त्रण खाता नराखेको कारण एकिन हुन सकेन । | |
| २८ | | | **राजश्व दाखिला :**<br>आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ९ वटा वडा पालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **सवारी कर** -<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस बर्ष कुनै पनि रकम उठाएको देखिएन । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| ३० | | | **मनोरञ्जन कर :**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७७।७८ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| ३१ | | | **व्यवसाय कर** -<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कुनै कर संकलन नगरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **आयकर एवं मू.अ.कर**<br>**मु.अ.कर समायोजनः** मुल्य अभिवृद्धि कर नियमावली २०५३(आठौं संसोधन) को दफा ६(ग) अनुसार ठेक्का वा करार अन्तरगत वस्तु आपूर्ति वापतको मुल्य अभिवृद्दिकर भुक्तानी गर्दा सो कर रकमको ५० प्रतिशतले हुन आउने रकम ठेकेदार वा आपूर्तिकर्ताको नामबाट स्वयं भुक्तानी गर्ने निकायबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर रकम मात्र सम्वन्धित आपूर्तिकर्तालाई भुक्तानी दिनु पर्ने र सो व्यहोराको जानकारी सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई दिनु पर्ने व्यवस्था छ। नगरपालिकाले उक्त व्यवस्था वमोजिम ५० प्रतिशत मु.अ.कर रकम स्वयं कार्यालय मार्फत राजस्व दाखिला गर्नु पर्नेमा सो वमोजिम नगरी उपरोक्त बमोजिमको भुक्तानीमा आपूर्तकलाई शतप्रतिशत भुक्तानी दिएको देखिएकोले भुक्तानी भएको निम्नानुसार मु अ कर रु सम्वन्धमा सम्वन्धित आन्तरिक राजस्व कार्यालयवाट मु.अ.कर समायोजन भएको प्रमाण पेश हुनु पर्ने अन्यथा असुल गरी दाखिला गर्नु पर्ने देखिएको रु. | ३८२,७८५ |

| शीर्षक | गो.भौ.र मिति | आपूर्तकको नाम | भुक्तानी रकम | मु अ कर रकम | ५० प्रतिशत रकम |
|---|---|---|---|---|---|
| | **82/078/3/27** | | **4097304** | **532649** | **266324.5** |
| | **19/077/11/16** | **घटाल कन्स्ट्रक्सन** | **1578932** | **181647** | **90823.5** |
| **न.पा.चालु** | **320/077/9/5** | **सुलभ एण्ड सुस्मिता कन्स्ट्रक्सन 604389174** | **445687.09** | **51273** | **25637** |
| **जम्मा** | | | | | **382785** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३ | | | **मु.अ.कर दाखिला नगरेकोः**<br>दहत्तर बहत्तरको सम्झौता अनुसार रोयल्टी उठाउने करुणा निर्माण सेवा एण्ड सप्लायर्स सँग ठेक्का सम्झौता रु. ३८६१३२ (मू.अ.कर समेत) भएको देखिन्छ । ठेकेदारले सम्झौता अनुसारको मूल्य अभिबृद्धि कर सहित रु ३८६१३२ नगरपालिकामा बुझाएकोमा नगरपालिकाले सो भित्रको मू.अ.कर नगरपालिकाको नाममा आन्तरिक राजश्व कार्यालयमा दाखिला गर्नुपर्नेमा गरेको देखिएन । अतः ठेक्का अंक रु. ३८६१३२ को १३ प्रतिशत ले हुने मु.अ.कर रु.४३३५२ आन्तरिक राजश्व कार्यालयमा दाखिला भएको प्रमाण पेश हुनु पर्ने रु. | ४३,३५२ |
| ३४ | | | **उपभोक्ता समिति मार्फत कार्य**<br>**लागत सहभागिता** — नगरपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३५</td><td></td><td></td><td>
हेभी इक्विपमेण्टको प्रयोग —<br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । नगरपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगरपालिकाबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :
<table>
<tr><th>गोभौनं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th><th>प्रयोग गरेको हेभी उपकरण</th><th>हेभी उपकरणमा भएको खर्च</th></tr>
<tr><td>280/077/12/27</td><td>जगङ्गा कोर्ध सडक उ.स.</td><td>सडक निर्माण</td><td>1322368</td><td>डोजर</td><td>427413</td></tr>
<tr><td>395/078/2/18</td><td>वडा नं.4 रिला सडक स्तरउन्नती उ.स.</td><td>सडक निर्माण</td><td>893569</td><td>डोजर</td><td>760940</td></tr>
<tr><td>613/078/3/26</td><td>झराउल रतुडा सडक पहिलो खण्ड उ.स.</td><td>सडक निर्माण</td><td>3101588</td><td>डोजर</td><td>3101588</td></tr>
<tr><td>616/078/3/26</td><td>झराउल रतुडा सडक दोस्रो खण्ड उ.स.</td><td>सडक निर्माण</td><td>1878541</td><td>डोजर</td><td>1878541</td></tr>
</table>
नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>
सशर्त कार्यक्रम शिक्षा तर्फ<br>
शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठन पाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २५ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>शिक्षक दरबन्दी</th><th>पदपूर्ति</th><th>पदपूर्ति मध्ये करार</th><th>विद्यार्थी संख्या</th></tr>
<tr><td>१</td><td>जाल्पादेवी मा.वि.</td><td>१६</td><td>१६</td><td>८</td><td>३१७</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २ | घटालेश्वरी आ.वि. | ३ | ३ | २ | १११ | | |
| | | | | ३ | जैसीडाँडा आ.वि. | ४ | ४ | १ | ७५ | | |
| | | | | ४ | त्रिभुवन आ.वि. | ३ | ३ | ३ | ६९ | | |
| | | | | ५ | सत्यवादी मा.वि. | ७ | ७ | ४ | ३२४ | | |
| | | | | ६ | कैलाश आ.वि. | २ | २ | ० | १६ | | |
| | | | | ७ | वि.पि.आ.वि. | २ | २ | १ | २७ | | |
| | | | | ८ | चोयाकोट मा.वि. | ७ | ७ | ३ | २६० | | |
| | | | | ९ | खातीभिटा आ.वि. | २ | २ | १ | २९ | | |
| | | | | १० | पाथरकोट आ.वि. | ४ | ३ | १ | १५६ | | |
| | | | | ११ | कैलाशेश्वरी मा.वि. | ७ | ७ | ३ | ३६१ | | |
| | | | | १२ | ने.रा.मा.वि. | १० | १० | ६ | ३४७ | | |
| | | | | १३ | ने.रा.आ.वि. | ६ | ६ | १ | ३७१ | | |
| | | | | १४ | लक्ष्मी मा.वि. | ५ | ५ | १ | २६८ | | |
| | | | | १५ | ज्ञानोदय मा.वि. | ६ | ६ | ३ | १४९ | | |
| | | | | १६ | सरस्वती आ.वि. | ४ | ४ | १ | १४८ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १७ | कालिका आ.वि. | ३ | ३ | ३ | ७१ | | |
| | | | | १८ | मालिका नमुना मा.वि. | २१ | २१ | ७ | १८८६ | | |
| | | | | १९ | बालमन्दिर आ.वि. | ४ | ४ | ३ | २८९ | | |
| | | | | २० | मष्टेश्वरी आ.वि. | २ | २ | ० | ९७ | | |
| | | | | २१ | जनप्रकाश आ.वि. | २ | २ | १ | २१ | | |
| | | | | २२ | मष्टेश्वरी आ.वि. | ३ | ३ | १ | १२६ | | |
| | | | | २३ | बडीमालिका आ.वि. | ० | ० | ० | ९३ | | |
| | | | | २४ | द्वारीका आ.वि. | ० | ० | ० | ४४ | | |
| | | | | २५ | गौतम आ.वि. | ० | ० | ० | १३ | | |
| | | | दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ । | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **विद्यालय अनुदानः**<br>कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७।७८ अनुसार विद्यालय लाई दिने अनुदान एकीन संख्याका आधारमा अनुदान दिई नगरपालिकाको शिक्षा शाखाबाट नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाबाट गएको देहायको अनुदानको नगरपालिकाबाट अनुगमन गरेको देखिएन । यसरी अनुदानको वितरण भए नभएको एकिन भएन । यसमा नगरपालिकाको ध्यान जानुपर्दछ । | |
| ३८ | | | **औषधी खरिद** –<br>खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |

| विद्यालयलाई गएको अनुदान शीर्षक | अनुदान रकम |
|---|---|
| सेनिटरी प्याड १४ विद्यालयलाई | 1595570 |
| शैक्षिक गुणस्तर बृद्धिको लागि टि.भि. 25 विद्यालयलाई | 4400000 |
| शिक्षण सिकाई सामाग्रि, छात्र बृत्ति तथा अन्य 25 विद्यालयलाई | 2445316.33 |
| नि शुल्क पाठ्यपुस्तक 25 विद्यालयलाई | 1275466 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | | | **नगरपालिका पूँजिगततर्फ**<br>**निर्माण कार्यको गुणस्तरः** सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति तथा निर्माण व्यवसायी मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति वा निर्माण व्यवसायी मार्फत गुणस्तर परीक्षणको आवश्यक व्यवस्था गर्नुपर्दछ ।कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्याबियन तार, सिमेण्ट, मोर्टारको गुणस्तर परीक्षण तथा कंक्रिट क्यूब टेष्ट जस्ता कार्य गराएको पाइएन।यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन।अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नु पर्दछ। | |
| ४० | | | **बीमा गराउनुपर्नेः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैँयाभन्दा बढीको निर्माण कार्यमा निर्माण व्यवसायीले तोकिएको कुराको बिमा गराउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयद्वारा संचालित दश लाख माथिका अधिकाँश निर्माण कार्यको सम्झौतामा बिमाको व्यवस्था गरेको छैन भने सम्झौतामा बिमाको व्यवस्था भएतापनि निर्माण व्यवसायीले बिमा गरेको प्रमाण पेश भएका छैनन्। निर्माण कार्यमा हुनसक्ने सम्भाव्य दुर्घटनाबाट हुन सक्ने क्षति न्यूनीकरणका लागि अनिवार्य रुपमा संरचनाको विमा गरेर नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | | | **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च** – <br>पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वियन गर्नुपर्दछ।कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस कार्यालयले पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न ३१ संघ संस्था, समूह, क्लव, व्यक्ति, फर्म लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु.२२२१७२४.० भुक्तानी दिएको पाईयो।केही उदाहरण देहाय बमोजिम रहेका छन्। | |

| सि.नं. | भुक्तानी पाउने संस्था/व्यक्ति | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | बाजुरा क्याम्पस | क्वारेन्टाईन सरसफाई | ५३०००.० |
| २ | विभिन्न | हल्दी खुर्सानी खरिद | ३७१४९८.० |
| ३ | विभिन्न कृषक | सुत्केरी भैंसि कार्यक्रम | ७१०००.० |
| ४ | विभिन्न | सरसफाई | ७५०००.० |
| ५ | विभिन्न | कृषि सामग्री खरिद | ३०००००.० |
| ६ | विभिन्न चालक | गाडी भाडा | ३६५००.० |
| ७ | विभिन्न | कार्यक्रम खर्च | ३९८२७० |
| ८ | न.पा पदाधिकारी | भम्रण खर्च | ५६८००.० |
| ९ | विभिन्न | बृक्षारोपण कार्यक्रम | १०००००.० |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **तिपडा पाटा सडक निर्माणः** **११२/२०७७/१०/६,** समपूरक अनुदान सम्बन्धि कार्यविधि, २०७५ को दफा १० मा प्रदेश वा स्थानिय तहले समपूरक अनुदानबाट संचालित योजना/कार्यक्रम तोकिएको समयमा सम्पन्न गर्नुपर्ने अन्यथा सो योजना/कार्यक्रम आफ्नै स्रोतबाट संचालन गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले तिपडा पाटा सडक निर्माणको लागी रु ११२१२५२७ (मू.अ.कर समेत) मा उँ शिव कन्स्ट्रक्सन एण्ड अर्डर सप्लायर्ससँग मिति २०७७/३/५ मा सम्फौता गरेको छ।सम्फौता अनुसार उक्त फर्मले मिति २०७७।३।२५ मा कार्यसम्पन्न गर्नुपर्नेमा, उक्त मितिमा कार्यसम्पन्न भएको छैन। कार्यालयले मिति २०७७/६/२२ को निर्णयले सो योजनाको मिति २०७७ पौष मसान्तसम्म म्याद थप गरी कार्यसम्पन्न पश्चात्त रु १०५८८७८७.४ (मू.अ.कर समेत) संघिय सरकार तथा नगरपालिकाको स्रोतसमेतबाट भुक्तानी गरेको छ।अनुदान सम्बन्धि कार्यविधि अनुसार तोकिएको समयमा कार्यसम्पन्न हुन नसकेको अवस्थामा नगरपालिकाको आफ्नो स्रोतबाट संचालन गर्नुपर्नेमा संघिय सरकारको स्रोतबाटसमेत रु ५२९४३९३.७ रकम खर्च गरेकोले, अनुदान रकमको व्ययभार बढ्न गएको छ। | |
| ४२.१ | | | **मार्तडी फुलचढाउना सडक मर्मतः** ११२/२०७७/१०/६, कार्यालयले मार्तडी फुलचढाउना सडक मर्मतको लागी रु ४८६२१४७.५ (मू.अ.कर समेत) मा डि.बि कन्स्ट्रक्सन एण्ड सप्लायर्ससँग मिति २०७७/२/४ मा सम्झौता गरेको छ।सम्झौता अनुसार उक्त फर्मले मिति २०७७।३।२० मा कार्यसम्पन्न गर्नुपर्नेमा, उक्त मितिमा कार्यसम्पन्न भएको छैन। कार्यालयले सो योजनाको मिति २०७७ फागुन मसान्तसम्म म्याद थप गरी कार्यसम्पन्न पश्चात्त रु ४७४६९३१.९ (मू.अ.कर समेत) संघिय सरकार तथा नगरपालिकाको स्रोतसमेतबाट भुक्तानी गरेको छ।अनुदान सम्बन्धि कार्यविधि अनुसार तोकिएको समयमा कार्यसम्पन्न हुन नसकेको अवस्थामा नगरपालिकाको आफ्नो स्रोतबाट संचालन गर्नुपर्नेमा संघिय सरकारको स्रोतबाटसमेत रु २३७३४६५.९ रकम खर्च गरेकोले, अनुदान रकमको व्ययभार बढ्न गएको छ। | |
| ४२.२ | | | सो सडक निर्माणको सम्झौता अनुसार मेशिनद्वारा नरम माटो ४०८० घ.मि रु १०० का दरले, कडा माटो ६१२० घ.मि रु १२५ का दरले, नरम चट्टान ४०८० घ.मि रु २५० का दरले र कडा चट्टान ५८५९ घ.मि रु १००० का दरले खन्नु पर्नेमा, कार्यालयद्वारा नरम माटो २३३६ घ.मि, कडा माटो १९९१ घ.मि, नरम चट्टान १६२५ घ.मि र कडा चट्टान ६१५३.६ घ.मि खनेको कार्यप्रमाणित गरेको छ।सम्झौताको अनुपातमा कम प्रति घ.मि मूल्यको मा घटी परिमाण तथा बढी प्रति घ.मि मूल्यको मा बढी कार्य प्रमाणित भएकोमा सोको प्राविधिक पुष्ट्याँई भएको छैन भने प्रारम्भिक लागत अनुमान अनुसार १४२० मि बाटो खनिनु पर्नेमा कार्यालयले ७०० मि मात्र खनेको संलग्न नापी किताबबाट देखिन आएकोले, अपेक्षित प्रगतिसमेत न्यून देखिन्छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | | | **योजना संशोधनः**<br>१९२/२०७७/११/१७, बडीमालिका नगरपालिकाको आ.व २०७७/७८ को नगरसभाबाट पारित बजेट तथा स्वीकृत योजना तथा कार्यक्रममा छनौट भएको बगरखेत सिँचाई कुलो, वडा नं २ को योजना वडास्तरीय निर्णयको आधारमा संशोधन गरी नदी नियन्त्रण तथा व्यवस्थापन निर्माण योजनामा खर्च गरी रु ३५००००.० भुक्तानी गरेको छ।सो योजना संशोधनको निर्णय कार्यपालिकाबाट नभएको तथा सोको अनुमोदन नगरसभाबाट समेत नभएकोले, तोकिएको कार्यक्रममा फरक पारी खर्च मिल्ने देखिएन। | |
| ४४ | | | **उपभोक्ताको बिलः**<br>**२१२/२०७७/११/२०**, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समूदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने ब्यवस्था छ।कार्यालयले दोगाडे पानीनाउला सिँचाई कुलो निर्माणको लागी उपभोक्ता समितिलाई रु ६५८५२८.० भुक्तानी गरेको छ।संलग्न श्रेस्ता अनुसार कार्यालयले उपभोक्तालाई २० एम्.एम्. एच.डि.पि.ई पाईप खरिद ढुवानी समेत रु २७७८९१.० भुक्तानी गरेकोमा, उपभोक्ताद्वारा पाईप खरिद तथा ढुवानी समेत रु १९८०००.० मात्र बिल पेश गरेको छ।पाईप खरिद तथा ढुवानीको घटी बिल पेश गरेकोमा, बढी भुक्तानी भएको रु ७९८९२.० को बिल/भरपाई पेश हुनुपर्ने अन्यथा सम्बन्धित उपभोक्ताको अंशको आनुपातिक कट्टी गरी असुल गर्नुपर्ने रु | ७९,८९२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४५</td><td></td><td></td><td>

**डोजर प्रयोगको बिलः**

डोजर प्रयोगको बिलः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समूदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ।कार्यालयले देहायका उपभोक्ता समितीलाई डोजरबापत निम्नानुसार रकम भुक्तानी गरेकोमा, डोजार प्रयोगको घटी बिजक पेश गरेकोले, बिजक पेश नभएको रु.२१७७०९१.० को बिजक सम्बन्धितबाट पेश हुनुपर्ने अन्यथा उपभोक्ताको योगदान अंश कट्टा गरी असुल गर्नुपर्ने रु

<table>
<tr><th>भौ.नं/मिती</th><th>उपभोक्ताको नाम</th><th>डोजर बापत भुक्तानी भएको रकम (दर विश्लेषणका आधारमा)</th><th>डोजरको बिल पेश भएको (मू.अ.कर बाहेकको रकम) रु</th><th>घटी बिल पेश भएको रु</th></tr>
<tr><td>२८०/२०७७/१२/२७</td><td>जडङ्गा कोर्ध सडक निर्माण उ.स, वडा नं ६</td><td>४२७४१३.०</td><td>१०००००.०</td><td>३२७४१३.०</td></tr>
<tr><td>३९५/२०७८/२/१८</td><td>रिला सडक स्तरोन्नती उ.स, वडा नं ४</td><td>७६०९४०.०</td><td>१०००००.०</td><td>६६०९४०.०</td></tr>
<tr><td>६१६/२०७८/३/२७</td><td>झराउल रतुडा सडक (दोश्रो खण्ड) निर्माण उ.स</td><td>२२५९९९३.९</td><td>१६८१४१६.०</td><td>५७८५७७.०</td></tr>
<tr><td>६१३/२०७८/३/२६</td><td>झराउल रतुडा सडक (पहिलो खण्ड) निर्माण उ.स</td><td>३५५२५३९.०</td><td>२९४२४७८</td><td>६१०१६१.०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२१७७०९१.०</td></tr>
</table>

</td><td>२,१७७,०९१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **लागत अनुमान**<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११(२) मा मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला बर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको बास्तविक लागत, स्थानिय बजारमा प्रचलित भाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च र उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई आधार लिनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले विभिन्न कार्यालय सामग्री र प्राविधिक उपकरण लगायत सामग्री खरिदको लागी रु २९९३९८९.० लागत अनुमान तयार गरी बोलपत्र आह्वान गरेको छ।सोको लागी कार्यालयले उल्लेखित दरहरुलाई आधार नमानी लागत अनुमान स्वीकृत गरी बोलपत्र आह्वान गरेकोले, खरिद प्रक्रिया मितव्ययी भएको मान्न सकिएन। | |
| ४७ | | | **नगरपालिका भवन निर्माणः**<br>**६२२/२०७८/३/२८,** कार्ययिले बडीमालिका नगरपालिका भवन निर्माणका लागी मिती २०७६/८/२६ मा डि.बि कन्स्ट्रक्सन एण्ड सप्लायर्ससँग रु ७७३८७८४.८ (मू.अ.कर समेत) मा कार्यसम्पन्न गर्ने गरी सम्भौता गरेको छ।सम्भौता अनुसार निर्माण व्यवसायीले २०७७/३/१५ मा उक्त भवनको निर्माण कार्यसम्पन्न गर्नुपर्नेमा, सो समयमा कार्यसम्पन्न हुन नसकी, कार्यपालिकाको मिति २०७७/११/९ को निर्णयले आषाढ मसान्तसम्म म्याद थप भएको छ।यस सम्बन्धमा देहायका व्यहोरा देखिएका छन्। | |
| ४७.१ | | | सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १११(१ङ) मा सार्वजनिक निकायले गुणस्तर पक्षको निरिक्षण र परिक्षणको व्यवस्था गर्नुपर्ने तथा नियम ११२(१) मा दश लाख माथिको खरिद सम्झौतामा अनिवार्य बिमा गराउनुपर्ने व्ययस्था रहेको छ।कार्यालयले भवन निर्माण सम्झैतामा गुणस्तर परीक्षणको व्यवस्था गरेतापनि Materials Test, Concerete Test लगायतका गुणस्तर परीक्षण समेत नगरेको हुनाले, निर्मित संरचना गुणस्तरीय भएको कुरामा आश्वस्त हुन सकिएन। | |
| ४७.२ | | | निर्माण व्यवसायीले तोकिएको समयमा कार्यसम्पन्न गर्न नसकेकोमा, कार्यपालिकाले मनासिब कारण नखुलाई म्याद थप गरेकोमा, निर्माण व्यवसायीले सो अवधिमा समेत सम्झौता बमोजिमको कार्यसम्पन्न नगर्दै कार्यालयले सम्झौताभन्दा रु १०५१४८९ ( मू.अ.कर समेत) घटीमा तोकीएको संरचनाहरु निर्माण सम्पन्न नहुँदै योजना फरफारक गरी रु ६६८७२९५.० भुक्तानी गरेको छ।तोकिएभन्दा कम परिमाणको कार्य गरउनुपर्ने प्राविधिक पुष्ट्याँईबाट समेत नभएकोले, निर्माण व्यवसायीलाई प्रचलित कानुन बमोजिम हर्जना लगाई बाँकी कार्यसम्पन्न गराउनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | | | **सिमा नाघी उपभोक्तालाई योजनाः**<br>**६३६/२९७८/३/२९,**<br>सार्वजनिक खरिद नियमावलीको नियम ९७(१) मा एक करोडसम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिमार्फत गर्न सक्ने र ९७(२) मा सो लागत अनुमानमा मू.अ.कर ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिता अंश समेत समावेश हुने व्यवस्था छ । कार्यालयले जडङ्गा मना सडक निर्माण कार्य उपभोक्ता समितिमार्फत संचालन गरेको योजनामा ओभरहेड तथा मू.अ.करबिना रु ८३८४४९२.० लागत अनुमान स्वीकृत गरेको छ । यस्तो लागत अनुमानमा पन्ध्र प्रतिशत ओभरहेड रु १२५७६७३.० तथा तेह्र प्रतिशत मू.अ.कर रु १०८९९८४.० जोड्दा, कुल लागत अनुमान रु ११०८२१५०.० कायम हुने हुँदा नियमावलीले उल्लेख गरेको १ करोड सिमा नाघ्ने भएकोले, उक्त योजना उपभोक्ताबाट संचालन गर्न मिल्ने देखिदैन। नियमावलीको व्यवस्था कार्यान्वयन गरी सबै लागत सहितको जोड १ करोड ननाघ्ने गरी सो सीमा भीत्रका योजना मात्र उपभोक्तावाट कार्यान्वयन गर्नुपर्दछ। | |
| ४८.१ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समूदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने ब्यवस्था छ।कार्यालयले जडङ्गा मना सडक निर्माणको लागी रु ६९६०१४१.० को कार्य प्रमाणित गरी जनश्रमदानको अंश कट्टा गरी रु ५१५९२८७.० भुक्तानी गरेको छ। विभिन्न प्रकारका माटोमा सडक खन्ने कार्यका लागी रु ६९००९३०.० को कार्य प्रमाणित भएकोमा, योजनाको संलग्न दरविश्लेषण अनुसार सडक खन्ने कार्यमा लेबर रु १०२८२२९.०, डिजल र डोजर भाडा समेत ५८७२७०१.० लाग्दछ।उपभोक्ताले सो बापत डि बि कन्स्ट्रक्सन एण्ड सप्लायर्सको रु ५५५५६६३.० (मू.अ.कर बाहेक) को बिजकमात्र पेश गरेकोले, घटी रकम रु ३१७०३८.० को बिजक पेश हुनुपर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्ने रु | १७,०३८ |
| ४८.२ | | | सम्झौता बमोजिम कडा चट्टान १८०७.८ घ.मि, रु २३६७.७ का दरले कुल रु ४२८०४३८.५ भुक्तान गर्ने लागत अनुमान स्वीकृत भएको छ।निर्माणको नापीकिताब अनुसार कार्यसम्पन्न हुँदा अन्य किसिमका माटो खन्ने कार्यको परिमाण घटाई कडा चट्टान खन्नेमात्र कार्य २३९२.२ घ.मि मापन भई रु ५६६४२३१.२ भुक्तानी भएको छ। शुरु लागत अनुमानभन्दा रु १३८३७९२.७ सोही कार्यमा बढी भुक्तानी भएकोमा सोको प्राविधिक पुष्ट्याँई भएको छैन भने तोकिएभन्दा घटी चेनेजमा मात्र बाटो निर्माण भएको छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ४९ | | | **सोझै खरिद**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोभैm गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोभैm खरिद गर्न नहुने उल्लेख छ । नगरपालिकाले यो वर्ष विभिन्न शीर्षकबाट मसलन्द तथा कार्यालय सामान खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइ कोटेशनको माध्यमबाट निम्नानुसार रु. ६३१८२११.० को सोझै खरिद गरेको देखियो । | |
| ५० | | | **अधुरा आयोजना**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले यो वर्ष देहायअनुसार योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी बषौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन । | |

| निर्माण कार्य | निर्माण व्यवसायी | संझौता मिति | सम्पन्न गर्नुपर्ने मिति | यो वर्ष सम्मको खर्च | भौतिक प्रगति |
| --- | --- | --- | --- | --- | --- |
| ने.रा मा.बि भवन निर्माण | D.B construction & supplyars | 2077.08.29 | 2078.03.25 | 6444.316 | 0.75 |
| लक्ष्मी मा.बि भवन निर्माण | R.N nirman sewasanfe na.pa 4 achham | 2077.08.29 | 2078.03.25 | 1704.279 | 0.6 |
| मार्तडी खुलामञ्च निर्माण | Sodasa Devi Nirman Sewa | 2077.09.01 | 2078.03.25 | 316.487 | 0.21 |
| खुलामञ्च देखि चैडिल आर.सि.सि सडक निर्माण | Sodasa Devi Nirman Sewa | 2077.09.01 | 2078.03.25 | 899.147 | 0.35 |
| चोयाकोट मा.वि.भवन र घेरबार निर्माण | बेत्तालमाण्डौ निर्माण सेवा | 207६/12/02 | 2078.3.30 | 5296.674 | 0.91 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७७/७८ मा कन्टीन्जेन्सी बापत रु.५३३१९२९.५० खर्च गरेको छ । | |
| ५२ | | | **सार्वजनिक परिक्षण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| ५३ | | | **संघिय सरकार सशर्त पूँजीगत**<br>**कार्य प्रारम्भ नभएको:** सार्वजनिक खरिद नियमावलि २०६४ मा समय भित्र कार्यसम्पन्न गर्ने गरि ठेक्का व्यवस्थापन गर्नुपर्दछ भन्ने व्यवस्था रहेको छ ।नगरपालिकाले चुथी स्वास्थ्य चोकीमा १० शैयाको अस्पताल निर्माण गर्न मिति २०७८ जेठ १५ गते रु.८८७२६२१९।०० मा कार्य गर्ने गरि सम्झैता गरेको छ । आधारभूत अस्पताल भवन निर्माण सम्बन्धि निर्देशिका २०७७ बमोजिम अस्पताल भवन निर्माणको लागी जग्गा प्राप्त गरि जग्गाको सर्वेक्षणसाथ साइट प्लान तयार गरि कार्यगराउनु पर्दछ । निर्माण गरिने अस्पताल भवनको जग्गा व्यक्तिहरुको नाउमा नै रहिरहेको छ । व्यक्तिको नाउको जग्गा अस्पतालको नाउमा ल्याइ निर्माण व्यवसायीले पेश गरेको कार्यतालिका बमोजिम निर्माण कार्य गराउनु पर्नेमा पेश्कि रु ८३५१६८७।०० लग्ने कार्य वाहेक निर्माण कार्य भएको छैन ।समयमा कार्यसम्पन्न गर्नेगरि कार्य गराउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४ | | | **नमूना विद्यालय सुधार भौतिक निर्माण अनुदान**<br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रको आ.व.२०७७/७८ को कार्यक्रम कार्यान्वियन निर्देशिकामा गत बर्ष भौतिक पूर्वाधार निर्माणाधिन रहेको विद्यालयहरुको स्वीकृत गुरुयोजनाले तोकेको विद्यालयको भौतिक निर्माण कार्यमा खर्च गर्ने प्रयोजनका लागि यस आर्थिक बर्षमा प्रति विद्यालय १ करोड स्थानीय तह मार्फत विद्यालयलाई उपलव्ध गराउने । विद्यालयलाई उपलव्ध गराउदा हाल सम्मको कार्य प्रगति तथा सम्पादन हुने कामको लागत अनुमान सहित माग गर्नुपर्ने, अनुदान उपलव्ध गराउदाँ विद्यालय र स्थानीय तह वीच सम्झौता गरी पहिलो पटक ५० प्रतिशत र बाँकी रकम कार्य प्रगतिका आधारमा उपलव्ध गराउने व्यवस्था छ । आर्थिक बर्ष २०७७/७८ मा नमुना विद्यालयको कार्यक्रममा प्राप्त रु.१ करोड नगरपालिकाले मिति २०७८ असार २५ गते मालिका मावि मार्तडिलाई निकासा गरेको छ । विद्यालयलाई रकम उपलव्ध गराउदा निर्देशिका बमोजिम हाल सम्मको कार्य प्रगति र सम्पादन हुने कामको लागत अनुमान सहित माग गरी निकासा दिनुपर्ने हुन्छ । नगरपालिका र विद्यालय वीच सम्झौता गरी पहिलो पटक ५० प्रतिशत र बाँकी रकम कार्य प्रगतिको आधारमा उपलव्ध गराउनु पर्नेमा नगरपालिकाले आर्थिक बर्षको अन्तमा सम्झौता समेत नगरी रकम निकासा गरेको छ । आर्थिक बर्ष २०७६/७ मा यसै कार्यक्रमको रकम रु.१ करोड ५० लाख विद्यालयलाई निकासा गरेकोमा नगरपालिकाको मिति २०७७/४/३० को पत्रबाट विद्यालयको खाता रोक्का राख्न राष्ट्रिय बाणिज्य बैंकलाई पत्र लेखेकोमा मिति २०७७/७/४ को पत्रबाट रु.५० लाख फुकुवा गरेको र रु.१ करोड हालसम्म रोक्का नै रहिरहेको छ ।गत बर्षको रकमबाट विद्यालयले आर्थिक बर्ष २०७८/७९ मा अर्थात २०७८ भाद्र ४ गते मात्र आ.व.२०७६/७७ को निकासा रकमबाट विद्यालय भवन निर्माणको ठेक्का सम्झौता मात्र भएको छ । आर्थिक बर्ष २०७६/७७ मा निकासा भएको रकम सोही आर्थिक बर्ष भित्र कार्य गरी सक्नु पर्नेमा आर्थिक बर्ष २०७७/७८ मा समेत कार्य नगरी आ.व.२०७८/७९ मा मात्र ठेक्का व्यवस्थापन गरेको छ । निर्माण कार्य प्रारम्भ भएको छैन । नगरपालिकाले मार्तडी बजारमा रहेको सो मालिका विद्यालयमा निकासा भएको रकम समयमा अनुगमन साथ ताकेता गरी कार्य सम्पन्न गराउनु पर्नेमा गत बर्ष कै रकम खर्च नभै रहेको अवस्थामा पुनः आ.व.२०७७/७८ मा संघिय सरकारबाट हस्तान्तरित पूँजीगत शीर्षकबाट रु ८९०१७६५.० र चालु शीर्षकबाट रु. १०९८२३५.० गरी जम्मा रु. १००००००.० आर्थिक बर्षको अन्तमा सम्झौता समेत नगरी निकासा गरेकोले सो रकम फिर्ता गरी संघिय सञ्चितकोष दाखिला गर्नुपर्ने रु. | १०,०००,००० |
| ५५ | | | **संघिय सरकार शसर्त अनुदान चालु**<br>**अग्रिम करः** आयकर ऐन, २०५८ को परिच्छेद १७ दफा ८८(१) अनुसार परामर्शदातालाई रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले अग्रिम करकट्टी गर्नुपर्ने उल्लेख छ । पालिकाले गिफ्ट नेपाल बाजुराले ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना अन्तर्गत पालिकामा सञ्चालन हुने खानेपानी, सरसफाई तथा जिविकोपार्जन सम्बन्धि योजना तथा क्रियाकलापहरु संचालानार्थ परामर्श सेवा दिने गरी सम्झौता भई पालिकाबाट विजक पेश नगरी रु.९७१६६७। रकम भुक्तानी लगेको छ । उक्त परामर्शदाता मु.अ.करमा दर्ता समेत भएको देखिएन । सम्झौता अनुसार उक्त परामर्शदातालाई भुक्तानी गर्दा १५ प्रतिशतले अग्रिम करकट्टी रु.१४५७५०। गर्नुपर्नेमा अग्रिम कर कट्टि नभएकोले उक्त परामर्शदाताबाट छुट कर असूल गरी दाखिला गर्नुपर्ने रु. | १४५,७५० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५६</td><td></td><td></td><td>अनुदान अनुगमन<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर नगरपालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । देहाय अनुसार अनुदान वितरण गरेकोमा कृषकको कृषियोग्य जमिनको लगत संकलन गरेको देखिएन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।
<table>
<tr><th>गोभौनं./मिति</th><th>विवरण</th><th>परिमाण</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>167/2/17</td><td>आलुको विउ</td><td>2000 केजि</td><td>340000</td><td>ढुवानी सहित</td></tr>
<tr><td>276/3/21</td><td>च्यालेन्दर ओखर,दाते ओखर,किवि र स्याउको विरुवा</td><td>3900</td><td>1694500</td><td>50 प्रतिशत अनुदान</td></tr>
<tr><td>269/3/20</td><td>तरकारी पकेट क्षेत्र</td><td>विभिन्न</td><td>2226925</td><td>50 प्रतिशत अनुदान</td></tr>
</table></td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>बढी भुक्तानी<br>२७६/२०७८/३/२१ सशर्त कार्यक्रमको सिरियल नम्बर २० मा फलफूल दशक अन्तरगत स्थानीय तहमा ओखर विरुवा रोपण अभियान (५० प्रतिशत अनुदान) कार्यक्रममा नगरपालिकाले सञ्जिवनी सप्लायर्ससँग सम्झौता गरी विरुवा खरिद तथा वितरण गर्ने भनिएकोमा उक्त संस्थाले विभिन्न ठाउँबाट च्यालेन्दर ओखर,दाते ओखर,किवि र स्याउको विरुवाको रु.१५७१२५०.० मा खरिद गरेकोमा सम्झौता तथा नियमानुसार कृषकले व्यहोर्नुपर्ने ५० प्रतिशतले हुने रु.७८५६२५।मात्र भुक्तानी हुनुपर्नेमा रु.१४७०१५०.० भुक्तानी भएकोमा रु. ६८४५२५.० बढी भुक्तानी सम्बन्धित कार्यक्रम सञ्चालकलाई जिम्मेवार वनाई नियमसम्मत नदेखिएको रु.</td><td>६८४,५२५</td></tr>
<tr><td>५८</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था अनुसार कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छ।कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उल्लेखित व्यवस्थाहरुको पालना नगरी, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना कार्यान्वयन भएका छन्।साथै श्रमिकको संख्या पनि अधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन।यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक, नाला, फिल्ड निर्माण लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष वडा नं १ देखि ९ वडाका ८०१ जनालाई रोजगारी उपलव्ध गराई रु. ४१४११७००.० खर्च गरेको छ ।लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च लेखेका छन् ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी श्रृजना भएको देखिंदैन। | |

| **वडा नं** | **कार्यक्रम/योजना संचालन** | **श्रमिक संख्या** | **कुल खर्च भएको रकम** |
|---|---|---|---|
| १ | ४ | ७२ | ३७२२४०.० |
| २ | ६ | ७७ | ३९८०१००.० |
| ३ | ४ | २३ | ११८९१००.० |
| ४ | २ | १७ | ८७८९००.० |
| ५ | ३ | १०३ | ५३२५१००.० |
| ६ | ७ | १७१ | ८८४०७००.० |
| ७ | ५ | १२६ | ६५१४२००.० |
| ८ | ४ | २१ | १०८५७००.० |
| ९ | ८ | १९१ | ९८७४७००.० |
| **जम्मा** | | | **४१४११७००.०** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९ | | | **नगरपालिका चालु**<br>**मर्मत खर्चः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९६(१) मा मालसामान मर्मत गर्नुपर्ने भएमा सोको लागत अनुमान स्वीकृत गराउनु पर्ने र नियम ९६(३) मा पाँच हजार माथिका पार्टपूर्जा फर्नु पर्ने भएमा सोको जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले गाडी, मोटरसाईकल तथा डोजरको मर्मतमा रु ५८७३६९.० खर्च गरेकोमा, मर्मत कार्यको लागत अनुमान तयार गरी स्वीकृत गरेको छैन भने फेरीएको पार्टपुर्जाको जिन्सी दाखिला गरेको छैन।नियमावलीको व्यवस्था अनुसार लागत अनुमान तयार नभएको तथा फेरीएका पार्टपुर्जाको जिन्सी दाखिलासमेत नगरेकोले, खर्चको वास्तविकता यकिन गर्न सकिएन। | |
| ६० | | | **भुक्तानीमा कर**<br>आयकर ऐन, २०५८ को दफा ८८ र ९२ मा जग्गा घर तथा उपकरणहरु वापतको भुक्तानीमा भाडा कर कट्टा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले कृषि हाट बजार सञ्चानार्थ कोल्ड स्टोर निर्माणको लागि खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा कर्यालय बाजुराको नाममा रहेको जग्गा बार्षिक रु.२४३२१०.० भुक्तानी गर्ने सम्झौता भई भुक्तानी भएकोमा नियमानुसार लाग्ने रु.२४३२१.० अग्रिम कर कट्टी गरेको नदेखिएकोले असुल हुनुपर्ने रु. | २४,३२१ |
| ६१ | | | **करकट्टी**<br>७८९/३/२० आयकर ऐन, २०५८ को दफा ८८ मा परामर्श सम्बन्धी कार्य गरेवापत रकम भुक्तानी गर्दा सम्झौता अनुसार १५ प्रतिशतको दरले अग्रिम करट्टी गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले कानूनी सचेतना कार्यक्रम सञ्चालनका लागि वि.पि.कोईराला स्मृति प्रतिष्ठान बाजुरासँग सम्झौता गरी रु. १५००००.० भुक्तानी भएकोमा नियमानुसार परामर्श सेवामा लाग्ने कर १५ प्रतिशतले रु. २२५००.० निज परामर्शदाताबाट असुल गर्नुपर्ने रु. | २२,५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२ | | | **उपभोक्ता समितीलाई ओभरहेड**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) वमोजिम उपभोक्ता समितिलाई भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टेन्जेन्सी तथा जनसहभागिता रकम घटाई वाँकी रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सत्यवादी मावि भवन निर्माण उपभोक्ता समितिले गरेको निर्माण कार्यमा १५ प्रतिशत ओभरहेड जोडेर लागत अनुमान वनाई भुक्तानी दिएको देखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु | ३१७,१६८ |

| **गोभौनं./मिति** | **काम** | **लागत अनुमान ओभरहेड समेत** | **परिमाण** | **ओभरहेड बाहेक रकम** | **भुक्तानी मध्ये ओभरहेड रकम** |
|---|---|---|---|---|---|
| 824/3/25 | 3×20 एमएम ग्रिल फिक्सिङ र पेन्टिङ | 5237.48 | 42 | 2436 | 117662 |
| | Supplying & fixing staircase hand rail | 3324.13 | 112.2 | 1546 | 199506 |
| **जम्मा** | | | | | 317168 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३ | | | **तालिम**<br>अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७५ को परिच्छेद नं ७.१.१५ सि.नं.३ अनुसार सवै प्रकारका सीप विकास तालिम गोष्ठी सेमिनारमा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालीत सवै प्रकारका तालिमका स्रोत व्यक्ति तथा प्रशिक्षकको पारिक्षमिकमा सहायक स्तरको तालिममा कक्षा सञ्चालन वापत नगरपालिकास्तरमा रु.७००। र कार्यपत्र वापत रु.८००। पाउने तथा सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएमा कक्षा लिए वापत पारिश्रमिक नपाउने कार्यपत्रको मात्र पारिश्रमिक पाउने उल्लेख छ । यस पालिकाबाट सञ्चालन भएका निम्नानुसार कार्यक्रममा दोहोरो खर्च भुक्तानी भएकोले निर्देशिका विपरित खर्च गरेको सम्बन्धित कार्यक्रम सञ्चालकलाई जिम्मेवार बनाई रु.३६५५० असुल हुनुपर्ने रु. | ३६,५५० |

| **गो.भौ.नं.र मिति** | **कार्यक्रम** | प्रशिक्षक | सेसन | हुनुपर्ने | भएको | बढी रकम |
|---|---|---|---|---|---|---|
| 517/**12**/29 | युवा महिला तथा बालबालिका समाज सुधार कार्यक्रम अन्तरगत विभिन्न मितिमा भएका कार्यक्रम | केशरी रोकाया | 15 | 800 | 1800 | 12750 |
| | | कुमारी विन्दु वडाल | 15 | 800 | 1800 | 12750 |
| | | विजय कुमार शाही | 15 | 800 | 1000 | 2550 |
| | | कविता कुमारी सूर्यवंशी | 10 | 1800 | 1800 | 8500 |
| जम्मा | | | | | | 36550 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६४ | | | **भ्रमण खर्च**<br>सुदुर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ६५ | | | **सामाजिक सुरक्षातर्फ**<br>**विवरण अद्यावधिकः-** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ अनुसार बैंक मार्फत वितरण भएको भत्तामा मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा बालिक भई उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकोमा लागातार एक वर्षसम्म खाता निष्क्रिय भएमा, सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्ने व्यवस्था उल्लेख भएकोमा पालिकाले बैंक मार्फत वितरण भएको खाताको विवरणमा आर्थिक बर्षको अन्त सम्ममा निष्कृय रहेको खाताको विवरण अद्यावधिक गरेको देखिएन । हाल सम्म निष्कृय रहेको खाता रहेको रु. २६०२७७.० तथा अन्य खाताहरुको रकम एकिन गरी रकम फिर्ता गर्नुपर्दछ रु.<br><table><tr><td>निष्कृय खाताको संख्या</td><td>रकम</td></tr><tr><td>राष्ट्रिय बाणिज्य बैक शाखा कार्यालय मार्तडीमा रहेका 83 जना लाभ ग्राहीको खातामा रहेको रकम</td><td>260277</td></tr></table> | २६०,२७७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ६६ | | | **विपद् व्यवस्थापन**<br>**समिति गठन**- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले ऐनमा तोकिए बमोजिमको समिति गठन भएतापनि ५ वटा बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ । | |
| ६७ | | | **विपद् व्यवस्थापन कोष**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु. ६२७३०९७.७८ आम्दानी भई रु. ६१३०३९२.० खर्च गरी बाँकी रु.१४२७०५.७८ देखिन्छ । | |
| ६८ | | | **पि.सि.आर प्रयोगशाला**<br>जिल्ला प्रशासन कार्यालय,बाजुराको च.नं.३३८८ मिति २०७८/२/९ को पत्र बमोजिम मिति २०७८/२/६ को समन्वय बैठकबाट जिल्लामा पि.सि.आर. प्रयोगशाला सञ्चालन गर्न जिल्ला स्तरमा एउटा कोषको स्थापना गर्ने र उक्त कोषमा सवै स्थानीय तहले रु.१० लाख मध्ये कम्तिमा ६० प्रतिशत ६ लाख रकम जेष्ठ १५ गते भित्र र बाँकी ४० प्रतिशत ४ लाख रकम २०७८ भाद्र मसान्त भित्र जिल्ला विपद व्यवस्थापन समितिको खातामा जम्मा गर्ने निर्णयको आधारमा यस पालिकाले रु.६ लाख मिति २०७८/२/१० गते जिल्ला विपद व्यवस्थापन समितिको खातामा जम्मा हुने गरी रकम पठाएको छ । जिल्ला प्रशासन कार्यालयको निर्णय बमोजिम जिल्लामा लेखापरीक्षण अवधि २०७८ आश्विन १५ गते सम्म पि.सि.आर. प्रयोगशाला सञ्चालनमा आएको छैन । नगरपालिकाबाट पठाएको रकम जिल्ला प्रशासन कार्यालय अन्तरगत विविध खातामा रहि रहेको छ । जिल्लामा पि.सि.आर. प्रयोगशाला सञ्चालनमा नआएको खण्डमा उक्त रकम फिर्ता गर्नुपर्ने रु. | ६००,००० |
| ६९ | | | **जोखिम भत्ता वितरण**<br>कार्यालयले ५२ जना कर्मचारीहरुलाई २०७८ बैसाख २० को कार्यापालिकिय निर्णयले मिति २०७६/१२/११ देखि २०७७/३/३१ सम्म सय दिन खटिएको रु २७७५८४०.० जोखिम भत्ता वितरण गरेको छ। सोमध्ये प्रशासनिक कर्मचारी ७ र सहयोगी १० जनालाई पचास प्रतिशतका दरले रु ७१७५३०.०, र स्वास्थ्कर्मी ३५ जनालाई ७५ देखी १०० प्रतिशतसम्म गरी रु २०५८३१०.० भत्ता वितरण गरेको छ।अघिल्लो आ.वको भुक्तानी बाँकी दायित्व यो आ.व मा भुक्तानी भएकोमा, कार्यालयले भुक्तानी बाँकी विवरण प्रमाणित गरेको छैन।त्यस्तै कार्यालयले कोभिड घरभाडा बापत रु १५६०३८.०, शव व्यवस्थापनको लागी रु १६५५५३.० भुक्तानी गरेको छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७० | | | **बार्षिक प्रतिवेदन**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन। ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ। | |
| ७१ | | | **आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु**<br>सार्वजनिक खरिद नियमावली,२०६४ को परिच्छेद ११ को नियम ११० क मा उल्लेख भए बमोजिम २ करोड रुपैया भन्दा बढीको निर्माण कार्य सँग सम्बन्धित खरिद सम्झौता गर्दा स्वीकृत भएको वोलपत्र दाताले सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको ढाँचामा क्रेडिट लाईनको सुविधा प्राप्त भएको विवरण पेश गर्नुपर्ने उल्लेख छ। तर कार्यालयले चुथि अस्पताल को भवन निर्माण कार्यका लागि राजेन्द्र/डि.वि.जे.भि.सँग सम्झौता गर्दा क्रेडिट लाईन वेगर रु. ८८७२६२१९.६८ रकमको ठेक्का सम्झौता गरी रु.८३५१६८७.० पेश्की भुक्तानी भएको देखिएको। | |
| ७२ | | | **पेश्की बाँकी**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१(४) मा नियमानुसार म्याद नाघेको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयले देहाय अनुसारका कर्मचारी,संस्थागत तथा ठेकेदारहरुलाई नियम अनुसार दिएको म्याद नाघेको पेश्की फछ्र्यौट हुन वाँकी देखिएकोले नियममा व्यवस्था भए बमोजिम समयमै फर्छयौट गर्नुपर्दछ रु. | १२२,०९५.९९ |

| पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | म्याद ननाघेको | म्याद नाघेको |
|---|---|---|---|
| पदाधिकारी | | | १२२०९५।९९ |
| निर्माण व्यवसायी | | ६५१००० | |
| | जम्मा | ६५१००० | १२२०९५।९९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७३ | | | अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । | |

| गत वर्षसम्मको बेरुजू **(A)** रु.हजारमा | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) रु.हजारमा | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) रु.हजारमा |
|---|---|---|
| ६३४७५ | १३८ | ६३३३७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७४ | | | .<br>यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ । | |

| **आ.व.** | **वेरुजु दफा** | **वेरुजुको संक्षिप्त व्यहोरा** | **फछ्र्यौटको आधार** | |
|---|---|---|---|---|
| | | | **असुली** | **प्रमाण** |
| 2076/77 | ३९ | बहाल कर | ७६३५ | - |
| 2076/77 | ४१ | करुणा निर्माण सेवाको पि.एसमा बढी भुक्तानी | ५६५०० | - |
| 2076/77 | ४२ | धरौटी कट्टी करुणा निर्माण सेवा | - | २९४२९.०३ |
| 2076/77 | ६१ | सामाजिक सुरक्षा बढी भुक्तानी लक्ष्मी ऐडि र अनमोल थापा | ९६०० | - |
| 2076/77 | ७३ | कर्मचारी बैठक भत्ता<br>यज्ञराज अर्याल – २५५०<br>हिक्मत बहादुर रावल – ३४००<br>महेन्द्र विष्ट – ३४००<br>विमला कुमारी – २५५० | २२१०० | - |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | |
|---|---|
| पाध्याय | |
| शंकर प्रसाद उपाध्याय | ३४०० |
| उमेश बडुवाल | ३४०० |
| मान व धामी | ३४०० |

| | | | | |
|---|---|---|---|---|
| 2076/77 | ७५ | जमुम मिटिङ्गमा बैठक भत्ता | १२७५० | - |
| | | जम्मा | १०८५८५ | **२९४२९.०३** |

| | |
|---|---|
| हेम बहादु थापा | ४२५० |
| कृष्ण ब खड्का | ४२५० |
| जमुना कु धामी | ४२५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७५ | | | अद्यावधिक बेरुजु<br>यस नगरपालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ<br>(रु हजारमा) | |

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ६३४७५ | १३८ | ३०८७८ | ० | ९४२१५ |


https://nams.oag.gov.np